# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) धनगढी, नेपाल, मंसीर ३० गते, २०७७ साल (अतिरिक्ताङ्क ९(च)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### <u>खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (दोश्रो संशोधन) आदेश, २०७७</u>

खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहाय बमोजिमको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस गठन आदेशको नाम "खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (दोश्रो संशोधन) आदेश, २०७७" रहेको छ ।

(२) यो गठन आदेश प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ को दफा ५ मा संशोधन</u>: खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ (यस पछि "मूल गठन आदेश" भनिएको) को दफा ५ को उपदफा (३) मा रहेका "पन्ध्र दिन" भन्ने शब्दको सट्टामा "सात दिन" भन्ने शब्द राखिएको छ ।

३. <u>मूल गठन आदेशको दफा ६ मा संशोधन</u>: मूल गठन आदेशको दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ ।

"(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान वा वाणिज्य शास्त्र वा पर्यटन व्यवस्थापन वा अर्थशास्त्र वा प्राकृतिक स्रोत व्यवस्थापन वा ग्रामीण विकास सम्बन्धी विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको व्यक्तिलाई मन्त्रालयले कार्यकारी अधिकृतको पदमा नियुक्त गर्नेछ ।"

४. मूल गठन आदेशको ठाउँ-ठाउँमा रहेको "कार्यकारी निर्देशक" भन्ने शब्दहरुको सट्टा "कार्यकारी अधिकृत" भन्ने शब्दहरु कायम गरिएका छन् ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०७७।०८।३०

आज्ञाले,
यज्ञनाथ दाहाल
प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-